## बिरामी र आमाबुवा/स्याहारकर्ताहरूका लागि तथ्य पाना

## कोरोना भाइरस रोग 2019 (COVID-19) को लागि रिमडेसिभिर (Remdesivir) को आपतकालीन प्रयोग प्राधिकरण (EUA)

तपाईंलाई कोरोना भाइरस रोग 2019 (COVID-19) को उपचारको लागि **रिमडेसिभिर (remdesivir)** भनिने एक औषधि दिइँदै छ। यस तथ्य पानामा तपाईंले प्राप्त गर्नुभएको वा प्राप्त गर्न सक्ने **रिमडेसिभिर (remdesivir)** सेवनका जोखिम तथा लाभहरू बुझ्नमा तपाईंलाई मद्दत गर्ने जानकारी समावेश छन्।

**COVID-19 उपचारको लागि संयुक्त राज्य खाद्य तथा औषधि प्रशासन (FDA) द्वारा स्वीकृत कुनै उत्पादन उपलब्ध छैन।**
**रिमडेसिभिर (remdesivir)** प्राप्त गर्नाले अस्पतालमा COVID-19 लागेका केही मानिसहरूलाई फाइदा हुन सक्छ। **रिमडेसिभिर (remdesivir)** को बारेमा जानकारीको लागि यो तथ्य पाना पढ्नुहोस्: तपाईंसँग प्रश्नहरू भएमा आफ्नो स्वास्थ्य स्याहार प्रदायकसँग कुरा गर्नुहोस्। **रिमडेसिभिर (remdesivir)** प्राप्त गर्ने वा यसलाई कुनै पनि समयमा रोक्ने यो तपाईंको रोजाइ हो।

### COVID-19 भनेको के हो?

COVID-19 भनेको कोरोना भाइरस भनिने भाइरसको कारणले लाग्ने हो। यस्तो प्रकारको कोरोना भाइरस यसअघि अहिलेसम्म देखिएको छैन। यो नयाँ कोरोना भाइरस पहिलोपटक डिसेम्बर 2019 मा वुहान, हुबेई प्रान्त, चीनका मानिसहरूमा पाइएको थियो। संयुक्त राज्य अमेरिका सहित हुबेई बाहिर र चीन बाहिरका राष्ट्रहरूमा व्यक्ति-व्यक्तिमा सर्ने कुरा रिपोर्ट गरिएको थियो। तपाईंलाई भाइरस लागेको अर्को व्यक्तिको सम्पर्कमा आउँदा COVID-19 लाग्न सक्छ।

COVID-19 बिमारीहरूको दायरा अधिक मध्यम (कुनै रिपोर्ट नगरिएका लक्षणहरू भएका कोही व्यक्ति सहित) देखि गम्भीरमा पुगेको छ र साथै बिमारीले परिणाम स्वरूप मृत्यु पनि निम्ताइरहेको छ। अहिलेसम्मका जानकारीले धेरैजसो COVID-19 बिमारी मध्यम हुन्छन्, गम्भीर बिमारी हुन सक्छ र यसले तपाईंका अन्य चिकित्सा अवस्थाहरू अझ खराब निम्त्याउन सक्छ भनेर सुझाव दिन्छ। उदाहरणको लागि, मुटु रोग, फोक्सो रोग र मधुमेह जस्ता गम्भीर, लामो समय रहिरहने (दीर्घकालीन) चिकित्सा अवस्थाहरू भएका वृद्ध मानिस र सबै उमेरका मानिसहरू COVID-19 को कारणले अस्पतालमा भर्ना हुने उच्च जोखिममा रहने देखिन्छ।

### COVID-19 का लक्षणहरू के-के हुन्?

COVID-19 का लक्षणहरू ज्वरो आउने, खोकी लाग्ने र श्वासप्रश्वासमा कमी हुने हुन्, जुन प्रभावमा आएपछि 2 देखि 14 दिन देखा पर्न सक्छन्। श्वासप्रश्वास सम्बन्धी समस्याहरू सहितका गम्भीर बिमारी हुन सक्छ र तपाईंका अन्य चिकित्सा अवस्थाहरू झन खराब बनाउन सक्छन्।

### रिमडेसिभिर (remdesivir) भनेको के हो?

रिमडेसिभिर (Remdesivir) भनेको अस्पतालमा COVID-19 लागेका केही मानिसहरूलाई उपचार गर्ने एक अनुसन्धानात्मक भाइरल-विरोधी औषधि हो। रिमडेसिभिर (Remdesivir) अनुसन्धानात्मक हो किनकि यसको बारेमा अझैपनि अध्ययन गरिँदैछ। अस्पतालमा COVID-19 लागेका मानिसहरूलाई उपचार गर्नको लागि रिमडेसिभिर (remdesivir) प्रयोगको सुरक्षा र प्रभावकारिताको बारेमा सीमित ज्ञात जानकारी छन्। रिमडेसिभिर (Remdesivir) लाई केही मानिसहरूको स्वास्थ्यलाभको समय कम गर्नको लागि एक क्लिनिकल परीक्षणमा देखाइएको थियो। अस्पतालमा COVID-19 लागेका मानिसहरूलाई उपचार गर्नको लागि सुरक्षित र प्रभावकारीको रूपमा FDA द्वारा स्वीकृत कुनै औषधि छैन। यसकारण, FDA ले आपतकालीन प्रयोग प्राधिकरण (EUA) अन्तर्गत COVID-19 उपचारको लागि रिमडेसिभिर (remdesivir) को आपतकालीन प्रयोगको लागि अधिकार प्रदान गरेको छ। EUA को बारेमा थप जानकारीका लागि, यस तथ्य पानाको अन्त्यमा "आपतकालीन प्रयोग प्राधिकरण (EUA) भनेको के हो?" भन्ने खण्डमा हेर्नुहोस्।

**मैले रिमडेसिभिर (remdesivir) प्राप्त गर्नुअघि आफ्नो स्वास्थ्य स्याहार प्रदायकलाई के भन्नुपर्दछ?**

**आफ्नो स्वास्थ्य स्याहार प्रदायकलाई तपाईं निम्न अवस्थामा भएमा सहितका आफ्ना सबै चिकित्सा अवस्थाहरूको बारेमा भन्नुहोस्।**

- कुनै एलर्जी छ
- मृगौला वा कलेजो सम्बन्धी समस्याहरू छन्
- गर्भवती हुनुहुन्छ वा गर्भवती हुने योजनामा हुनुहुन्छ
- स्तनपान गराउँदै हुनुहुन्छ वा स्तनपान गराउने योजनामा हुनुहुन्छ
- कुनै पनि गम्भीर बिमारी छ
- कुनै पनि औषधि सेवन गर्दै हुनुहुन्छ (निर्धारित औषधि, पसलमा सजिलै किन्न पाइने औषधि, भिटामिन वा जडीबुटी उत्पादनहरू)

**मैले कसरी रिमडेसिभिर (remdesivir) प्राप्त गर्नेछु?**

तपाईंको स्वास्थ्य स्याहार प्रदायकले तपाईंको लागि के राम्रो हुन्छ भन्ने सोचमा निर्भर रहेर तपाईंलाई 10 दिनसम्म दैनिक एकपटक नसा (इन्ट्राभेनस वा IV) बाट रिमडेसिभिर (Remdesivir) दिइन्छ। रिमडेसिभिर (Remdesivir) ले तपाईंको शरीरमा कोरोना भाइरसको मात्रा घटाउनमा मद्दत गर्न सक्छ। यसले तपाईंलाई द्रुत रूपमा निको हुनमा मद्दत गर्न सक्छ।

**रिमडेसिभिर (remdesivir) का महत्त्वपूर्ण सम्भावित दुष्प्रभावहरू के-के हुन्?**

रिमडेसिभिर (remdesivir) का सम्भावित दुष्प्रभावहरू:

- इन्फ्युजनसँग सम्बन्धित प्रतिक्रियाहरू। रिमडेसिभिर (remdesivir) इन्फ्युजनको अवधिमा वा रिमडेसिभिर (remdesivir) दिइएको समयमा इन्फ्युजनसँग सम्बन्धित प्रतिक्रियाहरू देखिएका छन्। इन्फ्युजनसँग सम्बन्धित प्रतिक्रियाहरूका संकेत तथा लक्षणहरूमा निम्न समावेश हुन्छन्: न्यून रक्तचाप, वाकवाकी लाग्ने, वान्ता हुने, पसिना आउने र काप्ने।
- कलेजो इन्जाइमहरूका स्तरहरूमा वृद्धि रिमडेसिभिर (remdesivir) प्राप्त गरेका मानिसहरूमा कलेजो इन्जाइमहरूका स्तरहरूमा वृद्धि देखिएका छन्, जुन कलेजोको कोषहरूलाई जलन वा क्षति पुऱ्याउने संकेत हुन्छ। तपाईंको स्वास्थ्य स्याहार प्रदायकले तपाईंले रिमडेसिभिर (remdesivir) प्राप्त गर्नुअघि र दिनहुँ प्राप्त गर्ने समयमा तपाईंको कलेजो जाँच गर्नको लागि रगत जाँचहरू गर्नुहुनेछ।

यिनीहरू सबै रिमडेसिभिर (remdesivir) का सम्भावित दुष्प्रभावहरू होइनन्। रिमडेसिभिर (Remdesivir) को बारेमा अझैपनि अध्ययन गरिँदैछ, त्यसैले यस समयमा सबै जोखिमहरू ज्ञात नहुने सम्भावना हुन्छ।

धैरैजसो मानिसहरूले रिमडेसिभिर (remdesivir) लिएका छैनन्। गम्भीर र अनपेक्षित दुष्प्रभावहरू हुन सक्छन्। नसाबाट कुनै पनि औषधि प्राप्त गर्नाले हुने दुष्प्रभावहरूमा सानो दुखाइ, रक्तस्राव, छालामा दाग बस्ने, पीडा हुने, सुन्निने र सुई लगाइएको भागमा सम्भावित संक्रमण हुने समावेश हुन सक्छन्।

**अन्य के-कस्ता उपचार विकल्पहरू छन्?**

रिमडेसिभिर (remdesivir) जस्तै, FDA ले अस्पतालमा COVID-19 लागेका मानिसहरूलाई उपचार गर्नको लागि अन्य औषधिहरूको आपतकालीन प्रयोगको लागि अनुमति दिन सक्छ। अस्पतालमा COVID-19 लागेका मानिसहरूलाई उपचार गर्नको लागि FDA द्वारा स्वीकृत नभएका अन्य औषधिहरूको आपतकालीन प्रयोगको बारेमा जानकारीका लागि www.cdc.gov/COVID19 मा जानुहोस्। तपाईंको स्वास्थ्य स्याहार प्रदायकले तपाईं योग्य हुन सक्ने क्लिनिकल परीक्षणहरूको बारेमा तपाईंसँग कुरा गर्न सक्नुहुन्छ।

रिमडेसिभिर (remdesivir) बाट उपचार गर्ने वा नगर्ने यो तपाईंको रोजाइ हो। तपाईंले यो प्राप्त नगर्ने वा यसलाई कुनै पनि समयमा रोक्ने निर्णय गर्नुहुन्छ भने, यसले तपाईंको मानक चिकित्सा स्याहारमा परिवर्तन ल्याउँदैन।

**मैले रिमडेसिभिर (remdesivir) नलिने निर्णय गरेँ भने के हुन्छ?**

**यदि तपाईंले रिमडेसिभिर (remdesivir) लिनुहुन्न भने, तपाईं झन बिमारी हुन वा तपाईंको मृत्यु समेत हुन सक्छ।** तपााईंले ठ्याक्कै COVID-19 उपचारको लागि निर्देशित गरिएअनुसार रिमडेसिभिर (remdesivir) प्राप्त गरेपनि, त्यहाँ अझैपनि तपाईं झन बिरामी हुनसक्ने वा तपाईंको मृत्यु हुन सक्ने सम्भावना हुन्छ।

**म गर्भवती छु वा स्तनपान गराउँदैछु भने के हुन्छ?**

गर्भवती महिला वा स्तनपान गराइरहेका आमाहरूलाई रिमडेसिभिर (remdesivir) दिने सीमित अनुभव छ। आमा र गर्भस्थ शिशुको लागि, उपचारका जोखिम भन्दा रिमडेसिभिर (remdesivir) प्राप्त गर्ने लाभ ठूलो हुन सक्छ। तपाईं गर्भवती हुनुहुन्छ वा स्तनपान गराउँदै हुनुहुन्छ भने, आफ्नो स्वास्थ्य स्याहार प्रदायकसँग आफ्ना विकल्पहरू र विशिष्ट परिस्थितिको बारेमा छलफल गर्नुहोस्।

**मैले रिमडेसिभिर (remdesivir) का दुष्प्रभावहरूको बारेमा कसरी रिपोर्ट गर्ने?**

तपाईंलाई चिन्तित बनाउने वा नहराउने कुनै पनि दुष्प्रभाव भएमा तुरून्तै आफ्नो स्वास्थ्य स्याहार प्रदायकलाई बताउनुहोस्।

**FDA MedWatch लाई www.fda.gov/medwatch मा दुष्प्रभावहरूको बारेमा रिपोर्ट गर्नुहोस् वा 1-800-FDA-1088 मा फोन गर्नुहोस्।**

**मैले यस बारे थप कसरी जान्न सक्छु?**

- आफ्नो स्वास्थ्य स्याहार प्रदायकलाई सोध्नुहोस्।
- http://www.cdc.gov/COVID19 मा जानुहोस्
- आफ्नो स्थानीय वा राज्यको सार्वजनिक स्वास्थ्य विभागमा सम्पर्क गर्नुहोस्।

**आपतकालीन प्रयोग प्राधिकरण (EUA) भनेको के हो?**

संयुक्त राज्य FDA ले EUA भनिने आपतकालीन पहुँच संयन्त्र अन्तर्गत रिमडेसिभिर (remdesivir) उपलब्ध गराइएको छ। EUA लाई स्वास्थ्य तथा मानव सेवा (HHS) सचिवको COVID-19 महामारीको अवधिमा औषधि र जैविक उत्पादनहरूको आपतकालीन प्रयोगको कारण देखाउन परिस्थितिहरू विद्यमान छन् भन्ने घोषणापत्रद्वारा समर्थन गरिएको छ।

रिमडेसिभिर (Remdesivir) FDA द्वारा स्वीकृत वा स्पष्ट पारिएको उत्पादन जस्तै समान प्रकारको समीक्षामा गएको छैन। FDA ले निश्चित मापदण्ड पूरा हुँदा EUA जारी गर्न सक्छ, जसमा कुनै पर्याप्त मात्रा, स्वीकृत, उपलब्ध वैकल्पिकहरू छैनन् भन्ने समावेश हुन्छन्। यसका साथै, FDA को निर्णय उत्पादनले सुरक्षा, कार्यसम्पादन र लेबुलिङको लागि निश्चित मापदण्ड पूरा गर्छ र यो COVID-19 महामारीको अवधिमा बिरामीहरूको उपचारमा प्रभावकारी हुन सक्छ भनी विश्वास गर्न उचित छ भनी देखाउने उपलब्ध वैज्ञानिक प्रमाणको पूर्णताको आधारमा हुन्छ। COVID-19 महामारीको अवधिमा बिरामीहरूको उपचारमा प्रयोगको लागि उत्पादनलाई अनुमति दिन यी सबै मापदण्ड पूरा गरेको हुनुपर्छ।

यी उत्पादनहरूको आपतकालीन प्रयोगको कारण प्रस्तुत गर्ने COVID-19 घोषणापत्रको अवधिमा, यो घोषणापत्र निलम्बित वा रद्द नगरिँदासम्म (त्यसपछि उत्पादनहरूलाई उपलब्ध प्रयोग गर्न सकिँदैन) रिमडेसिभिर (remdesivir) को लागि EUA प्रभावकारी रहन्छ।